म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक २१४ | शनिबार, ७ चैत २०८२ | ने. सं. ११४६ चिल्लागा | 21 March 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**टन्सिलका लक्षणः**

☞ घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने, घाँटीभित्र कहिलेकाहीँ सेतो दाग वा पिप देखिने,
☞ बोल्दा आवाज बदलिने वा करकराउने,
☞ खाना निल्न गाह्रो हुने,
☞ शरीर दुख्ने र थकान महसुस हुने,
☞ श्वास फेर्दा दुर्गन्ध आउने,
☞ कहिलेकाहिँ वाकवाकी लाग्ने वा पेट दुख्ने टन्सिलका लक्षण हुन सक्छन्

*यस्ता लक्षण देखिएमा चिकित्ससंग परामर्श गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

### आर्थिक गणनाका लागि मकवानपुरमा ६८ जना जनशक्ति परिचालन गरिने

## नाइ्लोपसलदेखि ठूला प्रतिष्ठानसम्म समेट्ने

मनिल महतो

हेटौंडा, ६ चैत/आगामी वैशाख २ गतेदेखि असार ७ गतेसम्म सञ्चालन हुने आर्थिक गणनाका लागि मकवानपुरमा ६८ जना जनशक्ति परिचालन गरिने भएको छ ।

आर्थिक गणना कार्यालयका गणनाअधिकारी राधिनी वर्माका अनुसार ९ जना सुपरभाइजरसहित ५९ जना गणक खटिनेछन् । स्थानीय तहअनुसार हेटौंडा उपमहानगर पालिकामा सबैभन्दा बढी ३२ जना गणक खटिनेछन् भने थाहा नगर पालिका र मनहरी गाउँपालिकामा ५/५ जना, बकैया गाउँपालिकामा ४ जना, मकवानपुरगढी र बागमती गाउँपालिकामा ३/३ जना तथा इन्द्रसरोवर र भीमफेदी गाउँपालिकामा २/२ जना गणक परिचालन गरिनेछ । वि.सं २०७५ मा पहिलोपटक सुरु गरिएको आर्थिक गणना यो दोस्रोपटक हुन लागेको हो । गणनाका लागि हेटौंडा-११ स्थित तथ्यांक समन्वय कार्यालयमा चैत्र ४ गते आर्थिक गणना कार्यालय स्थापना गरिएको छ ।

यसअघि २०७५ सालमा गरिएको गणनाअनुसार मकवानपुरमा १६ हजार प्रतिष्ठान तथा व्यवसाय दर्ता गरिएको थियो, जसमा ४६ हजार ५ सय ८२ जनशक्ति कार्यरत थिए । तीमध्ये ७ हजार ५ सय ९६ मात्र औपचारिकरुपमा दर्ता भएको पाइएको थियो । जिल्ला आर्थिक गणना कार्यालयका प्रमुख देवेन्द्र कारञ्जितले संकलित तथ्यांकलाई पूर्णरुपमा गोप्य राखिने र कुनैपनि व्यक्तिको विवरण प्रमाणकारुपमा प्रयोग गर्न नपाइने कानुनी व्यवस्था रहेको जानकारी दिएका छन् । गणनालाई प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा आर्थिक गणना समिति गठन गरिएको छ ।




समितिमा जिल्ला समन्वय समिति समन्वयअधिकारी, कोष तथा लेखानियन्त्रक कार्यालय प्रमुख, हेटौंडा उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष, उद्योग संघका अध्यक्ष, होटल व्यवसायी संघका अध्यक्ष, नारायणी यातायात व्यवसायी संघका अध्यक्ष, चिकित्सक संघका अध्यक्ष, पत्रकार महासंघका अध्यक्ष सदस्य र हने व्यवस्था छ । समितिको शुक्रबार बसेको पहिलो बैठकबाट जिल्लाका सबै १० स्थानीय तहमा पत्राचार गरी संघसंस्थाको विवरण संकलन गर्ने निर्णय गरेको छ ।

चैतको तेस्रो साता आर्थिक गणनासम्बन्धी गोष्ठी तथा अन्तरक्रिया आयोजना गरिनेछ । नाइ्लोमा पसल राख्ने साना व्यवसाय देखि ठूला उद्योग प्रतिष्ठानसम्म सबै प्रकारका औपचारिक तथा अनौपचारिक आर्थिक क्रियाकलापलाई समेट्ने गरी गणना गरिनेछ । कुनैपनि वडामा दर्ता भएका वा नभएका, आर्थिक कारोबार गर्ने सबै प्रकारका व्यवसायको विवरण संकलन गरिने बताइएको छ । आर्थिक गणनाको उद्देश्य देशभर सञ्चालनमा रहेका आर्थिक गतिविधिको आधारभूत विवरण संकलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्नुका साथै कुलगार्हस्थ उत्पादन तथा राष्ट्रिय लेखाप्रणालीलाई सुदृढ बनाउन आवश्यक तथ्यांक उत्पादन गर्नु रहेको छ ।

'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूलनाराका साथ हुने राष्ट्रिय आर्थिक गणना २०८२ का लागि चार हजार गणक परिचालन हुने भएका छन् । राष्ट्रिय तथ्यांक कार्यालयका तथ्यांकअधिकारी ढुण्डिराज लामिछानेले यसपटकको गणनामा निजीक्षेत्रसँगको सहयोग र सहकार्यमा गरिने तयारी भएको बताएका छन् । देशभरका ७७ जिल्लामा ८४ वटा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरी कार्यक्रमलाई करिब चार महिनाभित्र असार मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको उनले जानकारी दिए । सरकारले २०७५ सालमा पहिलो राष्ट्रिय आर्थिक गणना सम्पन्न गरेको थियो । यो तथ्यांकमा देशैभर नौ लाख २३ हजार ३५६ प्रतिष्ठान/व्यवसाय गणना गरिएका र ती प्रतिष्ठानमा जम्मा ३२ लाख २८ हजार ४५७ मानिस संलग्न रहेका पाइएको थियो ।

प्रतिष्ठान/व्यवसायमा करिब ३० प्रतिशत महिला व्यवस्थापक रहेका विवरण सार्वजनिक भएका थिए भने यो गणनाले औपचारिक र अनौपचारिक प्रतिष्ठानको संख्या बराबरी जस्तो रहेको देखाएको थियो । देशको अर्थतन्त्रको आकार तय गर्ने प्रयोजनका लागि समग्र आर्थिक क्रियाकलापलाई अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार २१ भागमा विभाजन गरी ती क्षेत्रले अर्थतन्त्रमा पुऱ्याएको योगदान मापन हुँदै आएको छ । यस राष्ट्रिय आर्थिक गणनामा ती २१ वटा वर्गीकरणमध्ये विभिन्न १८ वटा क्षेत्रको आधार भूत विवरण संकलन गरिनेछ ।

गणनामा देशैभर रहेका दर्ता भएका/नभएका ठूला वा साना व्यापार/प्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार मात्रै भएका, उद्योग, कलकारखाना, व्यापार व्यवसाय, गैर सरकारी संघसंस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताल आदि आर्थिक क्रियाकलाप गरिरहेका एकाइमा गणना सञ्चालन गरिनेछ ।

यद्यपि अन्तर्राष्ट्रिय संघसंस्था, कूटनीतिक नियोग, प्रशासनिक क्रियाकलाप र नियमनकारी कार्य गर्ने सरकारी कार्यालय, सुरक्षा निकाय, सामान्य घरायसी क्रियाकलाप गरिने कार्य र क्षेत्र भने यो गणनामा समेटिने छैन ।

## एस्ट्रोनोभामा समर स्टिम क्याम्प तथा एक्स्पो २०८३ हुने




साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/विद्यार्थीमा व्यवहारिक सीप, वैज्ञानिक सोच तथा नवप्रवर्तनशील क्षमता अभिवृद्धि गर्ने उद्देश्यले हेटौंडामा 'समर स्टिम क्याम्प तथा एक्स्पो २०८३' सञ्चालन गरिने भएको छ ।

एस्ट्रोनोभा फाउण्डेशन नेपालद्वारा आयोजना गरिने यो कार्यक्रम हेटौंडा उपमहानगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत सञ्चालन हुन लागेको हो । कार्यक्रम आगामी वैशाख ९ गतेदेखि सुरुभई ४५ दिनसम्म सञ्चालन हुनेछ । कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थी यस क्याम्पमा सहभागी हुन सक्नेछन् भने एसईई दिएर बसेका विद्यार्थीलाई विशेष प्राथमिकता दिइने आयोजकले जनाएको छ । यो अवधिमा सहभागी विद्यार्थीले आफ्नो रुचिअनुसार रोबोटिक्स, कोडिङ गणित, साहित्य, इन्जिनियरिङलगायतका विषयमध्ये कुनै एक वा दुइ विषय छनोट गरी अध्ययन गर्ने अवसर प्राप्त गर्ने फाउण्डेशनका संस्थापक अध्यक्ष किसन बास्तोलाले जानकारी दिएका छन् ।

यि विषयमा चासो तथा क्षमता परीक्षणमार्फत छानिएर प्रत्येक विधामा १५ जना विद्यार्थीका दरले कुल १५० जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने आयोजकले जनाएको छ । यस क्याम्पमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञान मेलामा प्रतिनिधित्व गर्दै सहभागी हुने अवसर दिइने अध्यक्ष वास्तोलाले बताए । उनका अनुसार नवप्रर्वतन तथा प्रविधिको प्रयोगात्मक ज्ञानको अभिवृद्धि गर्ने उद्देश्यले क्याम्प गर्न लागिएको हो । परिवर्तनशील विश्व परिवेशमा शिक्षाप्रणाली केवल सैद्धान्तिक ज्ञानमा सीमित नरही व्यवहारिक सीप, प्रवर्तनशील सोच तथा प्रविधिमैत्री दक्षता विकासतर्फ उन्मुख हुनु अत्यन्त आवश्यक भएकोले क्याम्पसँगै एक्सपोको आयोजना गर्न लागिएको पनि बास्तोलाले स्पष्ट पारे ।

विशेषगरी विद्यालय तहका विद्यार्थीलाई प्रारम्भिक अवस्थामै वैज्ञानिक चिन्तन, समस्या समाधान क्षमता र सिर्जनात्मकता अभिवृद्धि गर्ने अवसर प्रदान गर्नसके मात्र उनीहरुलाई भविष्यको प्रतिस्पर्धात्मक एवम् सक्षम बनाउन सकिन्छ भन्ने मान्यताका साथ एष्ट्रोनोभा फाउण्डेशन नेपालद्वारा यसप्रकारका कार्यक्रम आफूहरुले गर्दै आएका उनले स्पष्ट पारेका छन् । काठमाडौं विश्वविद्यालयअन्तर्गत् स्कुल अफ एजुकेसनको समेत आवद्धता रहेको यस कार्यक्रमका लागि हेटौंडा उपमहानगरपालिका शिक्षा महाशाखाले नगरक्षेत्रका विद्यालयमार्फत् समन्वय गर्नेछ । यस क्याम्पमा हेटौंडा नगर क्षेत्र बाहेक अन्य पालिकामा रहेका इच्छुक विद्यार्थी पनि सशुल्क सहभागी हुन पाउने आयोजकले जनाएको छ ।

## बागमती प्रदेश तेस्रो खेलकुद जेठको अन्तिमसाता




साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/तेस्रो संस्करणको बागमती प्रदेश खेलकुद प्रतियोगिता जेठ अन्तिम साता हुने भएको छ । काठमाडौँमा बसेको प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशको २४औं बोर्ड बैठकले तेस्रो बागमती प्रदेश खेलकुद प्रतियोगिता आगामी जेठ २४ देखि ३० गतेसम्म आयोजना गर्ने निर्णय गरेको हो ।

बैठकले प्रथम बागमती पारा खेलकुद प्रतियोगिता पनि आयोजना गर्ने निर्णय गरेको छ । बैठकले बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड २०८३ जेठ १ देखि ३ गतेसम्म गर्ने निर्णय पनि गरेको प्रदेश खेलकुद विकास परिषद् बागमतीका सदस्यसचिव दीपक लामाले जानकारी दिए । यस्तै बैठकले खेलकुद संग्रहालय स्थापना गर्ने निर्णय पनि गरेको छ ।

तेस्रो बागमती प्रदेश खेलकुद प्रतियोगितामा फुटबल, भलिबल, कराते, आईटीएफ तेक्वान्दो, तेक्वान्दो, उसु, जुडो, फुलकन्ट्याक्ट कराते, क्रिकेट, ब्याडमिन्टन, बक्सिङ, एथलेटिक्स, बुद्धिचाल, पौडी र टेबुलटेनिस गरी १५ खेलको प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा दुई हजार नौ सय ५५ खेलाडी, एक हजार दुई सय ६ अफिसियल गरी चार हजार एक सय ६१ जना सहभागी हुनेछन् । जसमध्ये फुटबलमा तीन सय ६० खेलाडीले प्रतिस्पर्धा गर्नेछन् भने ४० प्रशिक्षक तथा व्यवस्थापक एवं २० जना निर्णायक परिचालन हुनेछन् । यस्तै भलिबलमा ३१२, करातेमा २१८, आईटीएफमा २१८, तेक्वान्दोमा २६२, उसुमा १५९, जुडोमा १३८, फुलकन्ट्याक्ट करातेमा १३०, क्रिकेटमा २२४, ब्याडमिन्टनमा ७८, बक्सिङमा १७०, एथलेटिक्समा ४५५, बुद्धिचालमा ७८, पौडीमा ७५ र टेबुल टेनिसमा ७८ जना खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

तेस्रो बागमती प्रदेश खेलकुद प्रतियोगिताका लागि १३ करोड २० लाख रुपैयाँ बजेट विनियोजन भएको सदस्यसचिव लामाले बताए । यसैगरी राष्ट्रपति रनिङ शिल्डमा कराते, भलिबल, तेक्वान्दो, उसु, कबड्डी र एथलेटिक्सका एक हजार दुई सय २२ खेलाडीले प्रतिस्पर्धा गर्ने बताइएको छ ।

### केशवलाल प्रतिष्ठान र ब्राइट फ्यूचरबीचको खेल वर्षाले स्थगित

## न्यू डाइमण्ड सेमीफाइनलमा



साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/राष्ट्रिय महिला भलिबल प्रतियोगिताको सेमीफाइनलमा काठमाडौंको न्यू डाइमण्ड क्लब प्रवेश गरेको छ ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा हेटौंडा-१०, स्थित टिसीएनचौरमा जारी दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा शुक्रबार भएको भलिबल प्रतियोगिताको समूहचरणको अन्तिमखेलमा जीत निकालेसँगै काठमाडौंको न्यू डाइमण्ड क्लबले सेमीफाइनलको यात्रा पूरा गरेको हो । शुक्रबार भएको लिगको दोस्रो खेलमा पाल्पाको स्टेप भलिबल क्लबलाई ३-० को सोझो सेटले पराजित गरेको छ । न्यू डाइमण्ड क्लबले पाल्पाको स्टेप भलिबल क्लबलाई २५-१८, २५-१९ र २५-४ ले पराजित गर्दै सेमीफाइनलको यात्रा पूरा गरेको हो ।

बिहीबार भएको लिगको पहिलो खेलमा न्यू डाइमण्डले आयोजक मकवानपुर जिल्ला भलिबल संघलाई पहिलो र दोस्रो सेटमा २५-६ ले पराजित गर्दा तेस्रो सेटमा २५-११ ले सहजै तरिकाले पराजित गरेको थियो । लिगको २ खेल खेलेर दुबै खेलमा जीत निकालेको न्यू डाइमण्ड समूहचरणको विजेता बन्दै सेमीफाइनको स्थान सुरक्षित गरेको हो ।

यस्तै, केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान बागमती प्रदेश र ब्राइट फ्यूचर स्पोर्ट्स क्लबको खेल वर्षाको कारणले स्थगित भएको छ । दुबै टिमबीचको खेल चौंथो सेट चलिरहँदा रोकिएको हो । पहिलो सेटमा केशवलाललाई २५-१५ ले ब्राइट फ्यूचरले पराजित गरेको थियो ।

त्यसपछि लगत्तै दोस्रो र तेस्रो सेटमा ब्राइट फ्यूचरलाई २५-१४ र २५-१६ ले केशवलालले पराजित गरेको हो । स्थगित खेललाई उपयुक्त मौसमा सुचारु गरिने आयोजकले जानकारी दिएको छ । प्रतियोगिताको उपाधि विजेता टिमले ३ लाख रुपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले २ लाख रुपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

सेमीफाइनलमा पराजित हुने दुई टिमले ५० हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागततर्फका खेलाडीलाई ट्रफि, मेडल, प्रमाणपत्र र नगद प्रदान गरिने छ ।



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google विज्ञान/प्रविधि

# तुहियो जुकरबर्गको सपना, डुब्यो ८० अर्ब डलर




प्रविधि जगतको एउटा तरंगित पार्ने समाचार सार्वजनिक भएको छ । मेटा कम्पनीका सिइओ मार्क जुकरबर्गले भविष्यको इन्टरनेटका रूपमा प्रस्तुत गरेको मेटाभर्स अवधारणा अन्तत: असफल भएको छ । ५ वर्षसम्म अर्बौं डलर लगानी गर्दा समेत सफल नभएपछि मेटाले आफ्नो उक्त भर्चुअल रियलिटी प्लेटफर्म बन्द गर्ने निर्णय गरेको छ ।

मेटाका अनुसार कम्पनीको सोसल भर्चुअल रियालिटी प्लेटफर्म होराइजन वर्ल्डसलाई आगामी जुन १५ भित्र पूर्णरूपमा बन्द गरिनेछ । मार्च अन्त्यसम्म यो एपलाई मेटा क्वेस्ट स्टोरबाट हटाइनेछ । त्यसपछि प्रयोगकर्ताले यसलाई केवल मोबाइल एपका रूपमा मात्र प्रयोग गर्न सक्नेछन् । जसले भिआर अनुभवलाई लगभग समाप्त गरिदिनेछ।

**८० अर्ब डलरको घाटा**

मेटाभर्समा अत्यधिक लगानी गर्दा मेटा कम्पनीले करिब ८० अर्ब अमेरिकी डलर बराबरको घाटा बेहोर्नु परेको छ । सन् २०२० यता कम्पनीको रियालिटी ल्याब्स डिभिजन लगातार घाटामा चलिरहेको थियो । यसको असर कर्मचारीहरूमाथि पनि परेको छ । गत जनवरीमा कम्पनीका १ हजार जना कर्मचारी हटाइएका थिए भने आगामी दिनमा थप १५ हजार जनासम्म कटौती हुन सक्ने बताइएको छ।

**के थियो मेटावर्स ? किन असफल भयो ?**

मेटाभर्स एक डिजिटल भर्चुअल संसारको अवधारणा थियो, जहाँ मानिसहरूले आफ्नो अवतारमार्फत भेटघाट, कामकाज र मनोरञ्जन गर्न सक्थे । फेसबुकले सन् २०२१ मा आफ्नो नाम परिवर्तन गरेर मेटा राख्दै मेटाभर्सयसलाई भविष्यको इन्टरनेटका रूपमा प्रचार गरेको थियो ।

मेटाको रियालिटी ल्याब्सका पूर्व सदस्य वसुमान मोजाका अनुसार यो परियोजना असफल हुनुको मुख्य कारण व्यवस्थापनको कमजोरी थियो । उनका अनुसार कम्पनीको मध्यतहको व्यवस्थापनले वर्तमानका युवाहरूले प्रविधि कसरी प्रयोग गर्छन् भन्ने कुरा बुझ्न सकेन ।

उनी भन्छन्- डेभलपरहरूलाई उपयोगी हुने एउटा टूल बनाइएको थियो तर व्यवस्थापनले त्यसलाई बन्द गरिदियो र टोलीलाई अनावश्यक परियोजनामा लगाइयो । यस्ता निर्णयहरू हरेक टिममा दोहोरिएका कारण ठूलो लगानी हुँदाहुँदै पनि परियोजना सफल हुन सकेन ।

**मेटाको ध्यान अब एआई र स्मार्ट चश्मातर्फ**

मेटाभर्स असफल भए पनि कम्पनीले नयाँ क्षेत्रमा ध्यान केन्द्रित गरिरहेको छ । विशेषगरी रेबन स्मार्ट चस्मा बजारमा सफल देखिएका छन् । यो चश्मा ७० लाख गोटाभन्दा बढी बिक्री भइसकेको छ ।

साथै कम्पनीको मुख्य ध्यान आर्टिफिसियल इन्टेलिजेन्समा केन्द्रित भएको छ । यद्यपि यस क्षेत्रमा पनि धेरै चुनौतीहरू छन् । कम्पनीको नयाँ एआई मोडेल एभोकाडो आन्तरिक परीक्षणमा असफल भएपछि स्थगित गरिएको छ । साथै एआई क्षमतालाई सुदृढ बनाउन मोल्टबुक नामक सामाजिक सञ्जाल प्लाटफर्मलाई मेटाले खरिद गरेको छ ।

विश्लेषकहरूका अनुसार मेटाभर्सको असफलता प्रविधि उद्योगका लागि एउटा ठूलो पाठ बनेको छ । यसले केवल ठूलो लगानीले मात्र सफलता सुनिश्चित नहुने अनि प्रयोगकर्ताको आवश्यकता र व्यवहार बुझ्न नसकेमा भविष्यका रूपमा देखाइएको अवधारणा पनि धराशायी हुने तथ्यलाई यसले पुष्टि गरेको छ ।

स्वास्थ्य

# किन हरेक महिलामा फरक-फरक यौन चाहना हुन्छ ? जान्नुहोस्



महिलाहरु के चाहन्छन् ? सदियौँदेखि आम मानिसदेखि लिएर मनोवैज्ञानिक सम्मलाई यो प्रश्नले दिक्क पार्ने गरेको छ । सिगमन्ड फ्राएड जस्ता महानतम मनोवैज्ञानिक देखि लिएर हलिउडका अभिनेता मेल गिब्सन सम्म यो सवाललाई लिएर हैरान छन् ।यो रहस्यका बारेमा हजारौँ किताब, लेख, ब्लग पोष्ट लेखिइसकेका छन् । लाखौँ पटक यो मसलामाथि बहस भएका छन् । लोग्ने मानिस मात्र होइन, महिलाहरु समेत अक्सर यो विषयमा चर्चा गरिरहन्छन् ।

तथापि यसमा लामोचौडा चर्चा, हजारौँ किताब, वर्षौंको अनुसन्धानका बाबजुत पनि महिलाहरुको इच्छाको कुनै एक परिभाषा तथा कुनै दायरा तय हुन सकेको छैन । महिलाहरुको मनभित्र कस्तो इच्छा जाग्दछ भन्ने कुरा पत्ता लाग्न पनि सकेको छैन । साथै महिलाहरुलाई कसरी सन्तुष्ट पार्न सकिन्छ भन्ने पनि थाहा पाउन सकिएको छैन ।

के त्यसो भए वर्षौंसम्म यस विषयमा भएका अध्ययनहरु बेकम्मा भएका हुन् त ? होइन । अहिले यिनै अध्ययनहरुका कारण हामीले महिलाहरुको सेक्स सम्बन्धी चाहनाको बारेमा धेरै हदसम्म बुझ्नसक्ने भएका छौं । महिलाहरुको कामेच्छाको चर्चा यसअघिको संकुचित विचारको दायरा भन्दा बाहिर आएको छ । पहिले भनिन्थ्यो की महिलाहरुको चाहना कहिल्यैपनि पूरा गर्न सकिँदैन । उनीहरु सेक्सका भोका हुन्छन् र उनीहरुमा जबरजस्त कामवासना हुन्छ ।

तर अहिले वैज्ञानिकहरुले यो मान्न थालेका छन् की महिलाहरुको यौन चाहनालाई कुनै एक परिभाषाको दायरामा समेट्न सकिँदैन । यो विभिन्न महिलामा फरक फरक हुन्छ । र कहिलेकाहीँ त एउटै महिलामा पनि यौन चाहना फरक फरक पाइन्छ । अमेरिकाको रटगर्स विश्वविद्यालयका प्राध्यापक बेवर्ली व्हिपल भन्छन्: हरेक महिलाहरु केही फरक चाहन्छन् ।

तमाम नयाँ अनुसन्धानबाट यो प्रष्ट भएको छ की सेक्सको मामिलामा महिला र पुरुषहरुको चाहना तथा आवश्यकतामा खासै फरक हुँदैन । जबकी पहिले पुरुषमा महिलामा भन्दा बढि यौन इच्छा हुन्छ भन्ने धारणा थियो । पहिले जब कसैलाई महिनामा तपाइँलाई कति पटक यौन सम्पर्कको आवश्यकता महसुस भयो ? भनेर सोधियो तब त्यसबाट प्राप्त हुने जवाफबाट निकालिने निष्कर्षले पुरुषहरुलाई यौन सम्पर्कको बढि आवश्यकता महसुस हुने देखायो । तर जब यो प्रश्नलाई घुमाएर सोधियो र खास बेलामौकामा, साथीसँग नजिक भएको बेलामा, कुराकानीका बेलामा तपाईँलाई सेक्सको चाहना कत्तिको हुन्छ ? भन्ने प्रश्न गरियो तब त्यसबाट आउने उत्तरले महिला र पुरुषमा लगभग उस्तै खाले यौन चाहना रहने गरेको देखायो । ब्रिटिस कोलम्बिया विश्वविद्यालयका प्राध्यापक लोरी ब्राटोका अनुसार यसबाट महिलालाई सेक्समा कम रुची हुन्छ भन्ने धारणा गलत सावित भएको छ । हो, महिलाहरुको यौन चाहना फरक प्रकारको हुन्छ ।

त्यस्तै महिलाहरुमा पलाउने यौन चाहना उनीहरुको रजश्वला चक्रसँग पनि सम्बन्धित हुन्छ । रजश्वला सुरु हुनुभन्दा केही दिन पहिले उनीहरुको यौन चाहना बढ्दछ । अमेरिकाको भर्जिनिया विश्वविद्यालयका मनोवैज्ञानिक एनिटा क्लेटन भन्छिन्: सेक्स हाम्रो आधारभुत जिम्मेवारी अर्थात् बच्चा पैदा गर्ने कुरासँग सम्बन्धित छ । त्यसैले जब महिलाहरुको सरीरभित्र डिम्ब परिपक्व बन्न सुरु गर्छ उनीहरुमा यौन चाहना बढ्दछ । आजकल सेक्स तथा बच्चा जन्माउने कार्यलाई फरक फरक ढंगले विश्लेषण गर्ने गरिएको भएपनि प्राकृतिक रुपमा यी दुई एउटै कार्यको रुपमा रहेको उनी बताउँछिन् ।

कतिपय महिलाहरुमा यौनइच्छा नै उत्पन्न नहुने समस्या पनि हुन्छ । विज्ञहरुका अनुसार महिलाहरुमा भित्रैदेखि कामेच्छा पैदा गराउनका लागि मनोवैज्ञानिक रुपमा पहल गर्नु आवश्यक हुन्छ । उनको आसपासको माहौललाई राम्रो बनाउनु पर्छ र तनावको कारक तत्वलाई हटाउनु पर्दछ । जसका कारण उनले राम्रो महसुस गर्दछन् र भित्रैबाट यौनइच्छा जाग्दछ ।

यद्यपि महिलाहरु आफुमा यौनइच्छा कम भएको कुराबाट तबसम्म दुखित हुँदैनन् जबसम्म उनीहरु कोही पुरुषसँग सम्बन्धमा गाँसिन्छन् । यौन पार्टनरको सेक्सको मागको दबाबका कारण उनीहरुमा आफ्ना न्यून कामेच्छाको पीडाको अनुभुति हुन थाल्दछ । जरुरी छैन की पार्टनरको इच्छा बराबर नै महिलामा पनि उत्तिकै यौन इच्छा हुनुपर्छ भन्ने । राम्रो त यो हुन्छ की दुबैजना पार्टनर सँगै बसेर यो विषयमा कुराकानी गर्ने र एक अर्काको आवश्यकता तथा इच्छालाई बुझ्ने ।

जहाँसम्म यौन इच्छाको कुरा छ यसको कुनै सिमाना नै हुँदैन । फरक फरक मानिसमा मात्र होइन कहिलेकाहीँ त एउटै मानिसमा पनि परिस्थिति अनुसार यौन इच्छामा फरकपना आउँदछ । कसैमा कम हुन्छ र कसैमा बढि हुन्छ भन्नु पनि गलत हुन्छ । किनकी कतिलाई कम भन्ने र कतिलाई बढि भन्ने भन्ने कुरा नाप्ने कुनै स्केल हुँदैन ।

साहित्य

आधुनिक कथा

# बिहानीमा साझ परेपछि

✍इन्द्रकुमार श्रेष्ठ 'सरित्'

वैस निखिननिखिन लागे तापनि रूप र लावण्यले मलाई छाडिसकेको छैन भन्ने मलाई राम्रैसँग थाहा थियो । पहिलोपटक मलाई देख्ने जोकोहीलाई पनि 'प्लस टु' मा पढ्ने दुइ छोराछोरीकी आमा भनेर अड्कल काट्न हम्मेहम्मे पर्छ । त्यसैले पनि हुनसक्छ, मभित्र सधैँसधैँ एउटी चञ्चले युवती मडारिरहन्छे, मेरो कानमा साउती गर्छेयौवनका तुफान र लहरयुक्त कुराकानी गरेर ऊ मेरा रहरहरूको बेलुनमा हावा भर्छे अनि त्यो बेलुन बादलमा उड्न थालेपछि बढ्छ मेरो छटपटी र झलझली सम्झिन्छु म आश्रयलाई । उसले र मैले लगातार तीन वर्षन्दा बढी समय सँगै बिताउन पाएनौँ । मायाले मात्र खान र लाउन नपुगेपछि ऊ देश छाडेर विदेशियो । १८ वर्षो अवधिमा ऊ जम्माजम्मी चार-पाँच पटक मात्र नेपाल आयो होला । त्यो पनि ज्यादै थोरै समयका लागि मात्र ।

यौवनका रहरहरू लहर बनेर अर्लिरहेको बेलामा आश्रय नभएपछि एक्लैएक्लै छटपटिनुबाहेक मसँग अर्को विकल्प थिएन । अरूका मायालु-स्नेहालु युगल जोडीहरू हेरेर घुटुक्क थुक निल्नुबाहेक मेरो सामर्थ्यमा अरू केही थिएन । कतिकति जून फुलेका रातहरू, फूल मगमगाएका दिनहरू र चाहना उर्लिएका वेगवान् पलहरूलाई मैले तकिया च्यापेर रुँदैरुँदै बिताएँ । तर, मेरो तातो आँसुको कुनै मोल थिएन, रहरको कोही पारखी थिएन, लहरको किनारा थिएन । थिएँ त म केवल अतृप्त लहर, जसको किनारा भेट्टाउने रहरको कुनै अन्त्य थिएन, सीमा थिएन । सुनाखरीजस्तो वैँस, लालीगुराँसजस्तो रहर र जूनजस्तो पलहरू व्यर्थव्यर्थ मूल्यहीन पीडाबोधले पीडित भएर मैले आश्रयलाई पत्र लेखेँ, 'आश्रय; रुपियाँ पैसाले आजसम्म कसलाई पुगेको छ र अब त घर फर्क, मीठो भए पनि नमीठो भए पनि, सुख भए पनि दु:ख भए पनि सँगै बसेर झेलुँला जिन्दगीलाई । नानीहरूको मीठो बोली सुन्दै जिन्दगीका अप्ठ्यारा जँघारहरू तरौँला; तिमी त्यहाँ, म यहाँ-मूल्यहीन पग्लिरहेछ हाम्रो दाम्पत्य जीवनको गजुर पानी गलेसरि । सुन-चाँदीभन्दा, हिरामोतीभन्दा महँगा-अनमोल यी वैँसालु पलहरूलाई पैसाको प्रलोभनले महत्त्वहीन नबनाऊ, आश्रय आऊ, यस हृदयले, शरीरका रोमरोमले तिमीलाई पुकारिरहेछ, आश्रय ; आऊ आश्रय ... आऊ आश्रय ... आऊ आश्रय ...

तर, अहँ आश्रय फर्किएन । उसले मेरो बिन्ती र पुकारलाई पटक्कै सुनेन, अलिकत्ति पनि टेरेन । छोराछोरीको भविष्यका लागि अझ जोगाड गर्नुपर्छ भनेर ऊ फकिएन । आश्रयलाई पर्खिंदापर्खिंदा समय छोराछोरीको उमेरसँगसँगै हलक्क हुर्किएको पत्तै भएन । छोरो १० कक्षामा उक्लिएपछि पो म निद्राबाट ब्यूँझिएँ । चालै नपाई घरक्क समय घर्किएको बोध भयो मलाई । अहो; मेरो वैँस, मेरो जवानी, मेरो रूप, मेरो लावण्य, मेरा चाहनाहरू त स्नेह र वात्सल्य बनेर छोराछोरीमाथि पोखिँदापोखिँदै समयले त मलाई पो पछाडि धकेलिसकेछ । धेरै आश्चर्य; समय व्यर्थै बित्नुको चर्को पीडालाई बलैले सहेर छोराछोरीको पढाइ राम्रो होस् भन्ने मनसायले मैले दुवैलाई बोर्डस गरिदिएँ ।

चारतले घरको बहाल र आश्रयले पठाइरहेको पैसाले गर्दा अभाव अरू कुराको थिएन । मेरो जीवनमा अभाव थियो त केवल आश्रयको, आश्रयको मायाको, आश्रयको न्यानो र बलियो अँगालोको । खाली घर भर्न दिनैजसो घरमा पार्टीलेकै हुन्थ्यो । यसै क्रममा सर्म्पूणसँग परिचय भयो । हाम्रैँ परिचय बढेर मित्रतामा पुग्यो । मित्रता पनि झ्याँगिएर सर्म्पूणले कहिले मेरो जीवनमा आश्रयको स्थान ओगट्यो मैले चालै पाइन । ऊ मप्रति भन्दा पनि म ऊप्रति बढी आशक्त थिएँ कि जस्तो लाग्छ मलाई । उसको पौरुषोचित सौन्दर्य, सुगठित शारीरिक अवयव र मर्दपनमा म आकण्ठ डुबे । उसको हाँसो र अँगालोमा मैले मेरो सपनाको राजकुमार भेटेँ । आश्रयको अभावमा झेल्नुपरेको चिसा रातहरूको पूर्ति म एकै रातमा सर्म्पूणबाट प्राप्त गर्न चाहन्थे । त्यसका लागि मैले उसैका लागि भनेर तन, मन र धनको ढोका निर्धक्क र उदारतार्पूवक खोलिदिएँ ।

मेरो मनमा बस्न, तनसँग खेल्न र धनको उपयोग गर्न सर्म्पूणलाई कुनै रोकटोक थिएन । आफ्नो भरभराउँदो जवानीलाई प्रतीक्षँमै ओइलाइसकेता पनि यौवनको प्यास मेरो छातीमा अतृप्त आत्मा बनेर अल्झिरहेको थियो । त्यसैले सर्म्पूणको चौडा छातीमा टाँसिएर र ऊसँग जन्मजन्मान्तरका लागि एकाकार भएर म आफ्नो वैँस, चाहना र तुफानलाई सेलाउन चाहन्थे । सत्ते; सत्ते; मैले ढाँटेकी हैन, उसको अँगालोमा नशा थियो, नारीलाई आफूतिर तान्ने चुम्बक थियो । तानिसकेपछि थिलथिलो बनाउन सक्ने पुरुषत्व पनि थियो । ममै आएर सर्म्पूणले आफ्नो ब्रह्मचार्य तोडेकोले ऊ ... अनि ... अनि ... अनि ... शक्तिवान् पनि थियो । त्यसैमा अडिएको थियो मेरो एकमुठी प्राण सर्म्पूणको त्यही खुबीमा म हुरुक्क भएकी थिएँ, लोभिएकी थिएँ । सर्म्पूण; मेरो आशक्ति, मेरो हातबाट छुट्ला कि भनेर म उसलाई सधैँ आफूनजिक राख्न र खुसी राख्न चाहन्थेँ ।

'कामिनीदी एउटा गीति एल्बम निकाल्ने विचार छ । मलाई मद्दत गर्नुस् है ... ।' मिलेका बत्तीसै दन्त खोलेर सर्म्पूणले आग्रह गरेपछि मैले नाइँ भन्नै सकिनँ । सङ्गीतकार सँगको भेटघाट, गीतकारसँगको भेटघाट, कहिले यो स्टुडियो त कहिले त्यो स्टुडियोमा पुग्दापुग्दै मैले आफ्ना नानीहरूलाई समेत नभेटेको पनि महिनौँ हुन्थ्यो । नानीहरूको फोन आएपछि पो झसङ्ग भएर आत्तिँदै म उनीहरूको स्कुल पुगेर केही क्षण उनीहरूसँग बिताएर हतारिँदै फेरि सर्म्पूण भएको ठाउँमा आइपुग्थेँ र हतारहतार उसको अँगालोभित्र घुस्रिन्थेँ । मलाई डर थियो, जवानीको घाम अस्ताउने बेलामा हात लागेको यो सुनचरीजस्तो खाइलाग्दो तन्नेरी मेरो हातबाट उम्कियो भने मेरो मन मैले कहाँ लगेर बिसाउनू - एक्लैएक्लै उदास उदास बित्ने दिन र सिरानीमा आँसुका फूलहरू उम्रिने चिसो रातबाट म कसरी बच्नू - त्यसैले सर्म्पूणको जन्मदिनमा मैले उसलाई एउटा सुन्दर फ्ल्याट र एउटा मोटरबाइक उपहार दिएँ । ऊ हृदयदेखि नै प्रफुल्ल भयो । उसको मुखाकृतिले यही भनिरहेको थियो । उसलाई प्रफुल्ल देख्न पाउँदा मेरो मन पनि प्रफुल्ल भयो । सर्म्पूणको जन्मदिनको रातमा रातभरि उसले मलाई तृप्त होउञ्जेल त्यही कुरा दिइरह्यो, जुन कुरा मैले जीवनभरि आश्रयबाट पाउने चाहना राखेकी थिएँ । त्यस रातरातभरि म बादलुमा उड्दै चन्द्रमामा बसेर जवानीको दूधले नुहाइरहेँ ।

'सम्पू ; तिमीबाहेक मेरो मन अड्याउने अर्को कुनै ठाउँ छैन । त्यसैले मेरो मन कहिल्यै नदुखाऊ है ।' सर्म्पूणको अँगालोमा बेरिएर मैले ऊसँग अनुरोध हैन याचना गरिरहेकी थिएँ । प्रत्युत्तरमा ऊबाट बलियो, गाढा, बाक्लो अनि रसिलो माया पाएर म लट्ठिँदै नीलगगनमा हराउँदै गएँ । सर्म्पूणको गीति एल्बम बजारमा आयो । ऊ रातारात चर्चित 'स्टार' गायक पनि भयो । सर्म्पूणप्रतिको आशक्तिले गर्दा मेरो मनबाट आश्रयको झझल्कोमा छायाँ परेछ । किनभने आजभोलि मलाई आश्रयको इ-मेल हेर्ने हतार हुँदैन, अझ भनूँ फुर्सद नै हुँदैन भन्दा पनि हुन्छ । नानीहरूलाई भेट्ने उत्सुकतासमेत ओझेलमा पर्दा म आफैँ आर्श्यचकित हुन्छु । छोराले प्रवेशिका उर्त्तीण गर्दा पनि मैले उसको मन राख्न मात्र सानो पार्टीदिएँ र कलेज लाग्नेबित्तिकै फेरि उसलाई होस्टेलमै पुऱ्याइदिएँ । छोराछोरीलाई होस्टलमा छाडेपछि म उनीहरूबाट निश्चिन्त थिएँ । तर, म अनिश्चित र भयातुर थिएँ सर्म्पूणबाट । किनभने ऊबाट म कहिल्यै निश्चिन्त हुन सकिन । कहीँ न कहीँ कतै न कतै र कहिल्यै न कहिल्यै मैले आँखा झिमिक्क गर्नेबित्तिक्कै यो मान्छे मेरो पहुँचबाट धेरै टाढा पुग्नेछ भन्ने आशंका, चिन्ता र छटपटीले मलाई कहिल्यै ऊबाट निश्चिन्त हुन दिएन । छटपटीले गाँजिरहेको यही सकसर्पूण समयमा आश्रयको चिठ्ठी आयो, 'कामिनी; म दुर्घटनामा परेँ । मेरो दुवै गोडा काम नलाग्ने भएका छन् । एक साताभित्र म सधैँका लागि नेपाल आउँदैछु ।' सर्म्पूणप्रतिको आकर्षामा आकण्ठ डुबिरहेको बेलामा १८ वर्षछि एउटा अपाङ्ग लोग्नेसँग पूरा जीवन बिताउने भयावह कल्पनाले नै म अधमरो भएँ । भरभराउँदो आगोजस्तो जवानी उसकै प्रतीक्षामा हुरहुर बलेर बिताउञ्जेल ऊ आएन । नेपाल फर्किनका लागि जीवनभरि अनुरोध गरिरहँदा ऊ आएन । तर, अब जीवनको गति नै अवरुद्ध भएपछि, अपाङ्ग भएपछि, उमेर ढल्किसकेपछि आएर मेरो जीवनमा उसको के अर्थ-के महत्त्व- श्वासै नथुनिईकन म निसासिन थालेँ, उफ; यो कस्तो निसासिँदो क्षण हो-

शान्तिलाई अँगालेर म बस्नै सकिन र मैले एउटा दह्रो निर्णागरेँ- 'सम्पू ; त्रिा लागि मैले मेरो र मेरो लोग्नेको तन, मन, धन सबै अर्पिएँ । अब मेरो भन्नु यो उभिएको घरबाहेक अरू केही छैन । यो घर पनि नानीहरूका लागि भनेर मात्र राखेकी हुँ । अरू बिन्ती छ मलाई अपनाऊ । मलाई अँध्यारो कोठामा मात्र हैन समाजकै अगाडि स्वास्नी बनाऊ सम्पू;' हामी भागेरै जाने भए पनि त्यस्तो ठाउँमा जाऊँ, जहाँ तिमी र मबाहेक अरू कोही नहोस् । त्यहाँ बाँदरले बच्चा च्यापेझैँ मलाई आफ्नो अँगालोमा च्यापेर राख, सम्पू; कर जोरी बिन्ती छ, सम्पू ;;

मेरो अनुरोध सुनेर याचनामा बर्बरी बहेका आँसुका ढिक्का देखेर सर्म्पूणले विस्फारित नेत्रले मलाई हेऱ्यो, हेरिरह्यो धेरैबेरसम्म । 'कामिनीदी ; तपाईंले मलाई तन दिनुभयो, नारी सुखको पहिलो अनुभव दिनुभयो । तर, मैले पनि मेरो कुमारत्व तपाईंलाई दिएँ । मेरो जवानी दिएँ, मेरो जोस, मेरो क्षमता सबै सबै तपाईंको काखमा बिर्सादिएँ । हामीले आ-आफ्नो ढङ्गले रमाइलो भोग्यौँ । तर, मसँग विवाहको कुरा चैँ नगार्नोस् । किनभने विवाह त मैले तपाईंकी छोरी नयनासँग गरि सकेँ, कोर्ट म्यारिज । नयनालाई लिएर म भोलि नै तपाईंले दिएको फ्ल्याटमा सर्दैछु । कामिनीदी ; थ्याङ्क्स फर एभ्रिथिङ् ... ।' स्तब्ध पल । स्तब्ध मन-विभाजित मनहरू नरोएको मन । झीर बनेर निस्किरहेका सर्म्पूणका शब्दहरूलाई मैले अरू सुन्न सकिन मुटु चर चर चिरिएकोले मैले केही बुझ्न सकिन, कुनै प्रतिवाद गर्न सकिन । मलाई तत्काल थाहा पनि भएन प्रतिक्रियास्वरूप मैले के गरेँ । तर, प्रहरीले मलाई झक्झक्याउँदा पो मैले देखेँ, मेरो हातमा त्यही चक्कु छ, जसले फल काटेर स्नेहर्पूवक मेरो मुटुको टुक्रा, मेरो प्राण, मेरो र्सवस्व सर्म्पूणलाई खुवाएकी थिएँ । तर, यसबेला त्यो चक्कुमा आलो रातो रगत लतपतिएको छ र छेवैमा रक्तरञ्जित सर्म्पूण लडिरहेको थियो । 'यो के भयो - कसरी भयो - किन गऱ्यो' इनारबाट निस्किरहेको आवाजझैँ भीडमा ध्वनित भइरहेका थिए प्रश्नहरू । मलाई थाहा छैन, के ती प्रश्नहरू मेरो नै थिए त - कि मेरा लागि थिए त ।

कविता

# झोलाभित्रको सपना



✍मिमांशा मैनाली

कक्षा-९, नवोदय शिशु सदन

झोलाभित्र किताब, कलम र कापी
यिनै हुन् हाम्रा प्यारा साथी
हरेक पानाभित्र लुकेको चाहाना
भोलिको उज्यालो, हाम्रो मिठो सपना ।

कहिले भारी लाग्छन् पुरानो झोला
तर विश्वासले बढाउँछ हाम्रा हौसला
साना साना लक्ष्यसँगै सँगै बढ्छन्
डर र सङ्घर्षलाई हरेक पाइलामा पछाडि पार्छन् ।

घण्टी बज्दै दिनको हुन्छ सुरुवात
भविष्य बनाउन बढ्छन अघि सहयोगी हात
कलमले लेख्छ, अक्षर झर्छ पानामा
सपना सजिन्छन्, हरेक बिहानामा

झोलाभित्रको हाम्रो सानो संसार
हाम्रो भविष्य निर्माण गर्ने आधार
झोलाभित्र सानो संसार छ हाम्रो
जहाँको हिम्मत, आशा र विश्वो राम्रो ।

# ढुङ्गाहरू

✍अमृत दाहाल

बाटोमा भेटिएको थियो
देवताजस्तै ठानेर मन्दिरमा राखें
फूल चढाएँ, प्रसाद चढाएँ
चार दिशामा धूपबत्ती बालें
हात जोडेर प्रार्थना गरें
जति गरे पनि बोल्दै बोलेन
आखिर ढुङ्गो न थियो ।

सुरक्षा होला भनेर पर्खाल लगाएँ
घरको गाह्रोमा चार कुना भरें
आँगनमा मिलाई मिलाई राखें
टाढाबाट हेर्दा चिटिक्क देखियो
ढुक्क थिएँ, रमाएकै थिएँ
एक दिन पहाडबाट खसेको पहिरोले घर किच्यो
सब मिहिनेत माटोमै विलिन भयो
ढुंगाले केवल भार दिँदो रहेछ
आधार होइन ।

न ढुङ्गापग्लन्छ
न ढुङ्गाले रंग बदल्छ
जतिसुकै कराउ तिमी
ढुङ्गाले जवाफ दिँदैन
किनकि ढुङ्गाको कान हुँदैन
जतिसुकै आँसु खसाल
केही फरक पर्दैन

ढुङ्गाको मुटु हुँदैन
किन बुझ्दैनौं तिमी,
ढुङ्गाको मन हुँदैन ।

जतिसुकै निचोर ढुङ्गालाई
तिम्रै हात दुख्ला बरु
ढुंगामा पानी हुँदैन
विश्वासलाई कुल्चिरहेछ वर्षौंदेखि
तिमी जतिसुकै चिच्याउ
ढुङ्गालाई कुनै ग्लानी हुँदैन ।

चोकमा उभिएको उसलाई
माला र अबिर बर्साउँदा पनि
एकोहोरो ठिंग उभिएर कहाँ हेरिरहेको छ थाहा छैन
मलिन अनुहारहरु आशा लिएर
उसैलाई हेरिरहेछन्, वर्षौंपछि थाहा भयो
उ त ढुङ्गाको सालिक पो रहेछ

हामीले उसलाई आँसु देखायौं
खेतका पटपटी फुटेका गह्रा देखायौं,
र पटपटी फुटेका ओठ र हात देखायौं
विदेश जान लागेका सन्तानको लाइन देखायौं
चिसो चुह्लोमा पल्टिरहेका रित्ता भाडा देखायौं
तर किन हेर्थ्यो र उ यो सब
किनकि उ त फगत ढुंगो न थियो
न आँखा, न कान र न मुटु
मात्र एक निर्जिव ।

खाडी युद्ध त्रास :

# अरू मुलुक नागरिक उद्धार एक्सनमा, नेपाल स्थिति विश्लेषणमै सीमित



काठमाडौं/सन् २०२६ को फेब्रुअरी २८ देखि सुरु भएको इरान र इजरायल-अमेरिकाको प्रत्यक्ष सैन्य मुठभेडले मध्यपूर्वको भूगोललाई मात्र होइन, त्यहाँको अर्थव्यवस्थाको मेरुदण्ड मानिने लाखौं आप्रवासी श्रमिकहरूको जीवनलाई पनि गम्भीर जोखिममा पारेको छ । 'अपरेसन एपिक फ्युरी' अन्तर्गत अमेरिका र इजरायलले इरानका रणनीतिक केन्द्रहरूमा गरेको आक्रमण र त्यसको प्रतिशोधमा इरानले संयुक्त अरब इमिरेट्स (यूएई), साउदी अरब, कतार र कुवेतजस्ता देशहरूमा रहेका अमेरिकी सैन्य अखडा र ऊर्जा केन्द्रहरूलाई लक्षित गरी चलाएको क्षेप्यास्त्र तथा ड्रोन प्रहारले गल्फ क्षेत्रलाई युद्धको मैदानमा परिणत गरिदिएको छ ।

आर्थिक, भूराजनीतिक प्रभाव एवं शक्ति सन्तुलनका अनेक विश्लेषण र चर्चाहरूमाझ मानव जीवनको सुरक्षा एउटा महत्त्वपूर्ण प्रश्नको रूपमा उठेको छ । युद्धरत क्षेत्रहरूले विशेषगरी दक्षिण एसियाली र दक्षिण-पूर्वी एसियाली देशका नागरिकहरूलाई सबैभन्दा बढी प्रभावित बनाएको छ, जो दशकौंदेखि यी देशहरूको निर्माण र सेवा क्षेत्रमा अहोरात्र खटिरहेका छन् ।

### जोखिमको वर्तमान अवस्था र मानवीय मूल्य

गल्फ कोअपरेसन काउन्सिल (जीसीसी) का छ वटा सदस्य राष्ट्रहरूमा मात्रै करिब ३ करोड ५० लाखभन्दा बढी आप्रवासी श्रमिकहरू कार्यरत छन् । इरानले साउदी अरब, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत र ओमानमा रहेका अमेरिकी सैन्य अखडाहरूलाई लक्षित गरी ड्रोन र ब्यालेस्टिक मिसाइल प्रहार गरेपछि पूरै गल्फ क्षेत्र 'नो-फ्लाई जोन' मा परिणत भयो ।

यीमध्ये ९२ प्रतिशत जनशक्ति यूएईमा मात्र केन्द्रित छ । युद्ध सुरु भएलगत्तै दुबई र अबुधाबी जस्ता व्यावसायिक केन्द्रहरूमा उडानहरू ठप्प भए र मानिसहरू भूमिगत बङ्कर वा सुरक्षित आश्रय स्थलको खोजीमा दौडिन थाले । मार्च २०२६ को तेस्रो सातासम्मको तथ्याङ्कअनुसार, इरानको प्रतिशोधात्मक आक्रमणका कारण यूएई र अन्य खाडी मुलुकमा कम्तीमा १४ जना सर्वसाधारणको ज्यान गइसकेको छ, जसमा ११ जना विदेशी नागरिकहरू रहेका छन् ।

मारिनेहरूमा नेपाल, भारत, पाकिस्तान र बङ्गलादेशका श्रमिकहरू छन् । अबुधाबी र दुबईजस्ता व्यस्त सहरहरूमा खसेका ड्रोनका टुक्राहरू र क्षेप्यास्त्रका अवशेषहरूले सडकमा गुडिरहेका सवारीसाधन र निर्माण कार्यमा रहेका मजदुरहरूलाई सिकार बनाएका छन् ।

सम्पन्न स्थानीय नागरिक र धनी विदेशीहरू निजी विमान वा वैकल्पिक मार्गबाट सुरक्षित स्थानतर्फ जान सफल भए पनि, ऋण काढेर र श्रम स्वीकृति लिएर भिसा शुल्क बुझाएर आएका न्यून आय भएका श्रमिकहरू भने 'काम गर्ने कि ज्यान जोगाउने' भन्ने दोसाँधमा फसेका छन् । धेरैजसो श्रमिकहरूले आफ्नो परिवारको जीविकोपार्जनका लागि पठाइने विप्रेषण रोकिने डरले कार्यक्षेत्र छोड्न सकेका छैनन् ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) का अनुसार यस्तो संकटमा 'कफला प्रणाली' का कारण श्रमिकहरूले चाहेर पनि तुरुन्तै कार्यक्षेत्र छोड्न नसक्नु अर्को ठूलो चुनौती बनेको छ ।

### नागरिक उद्धारमा भारतको सफल कूटनीतिक मोडेल

आफ्ना नागरिकहरूलाई गल्फ देशहरूबाट उद्धार गर्ने कार्यमा भारत कूटनीतिक रूपले सफल भएको देखिन्छ । मार्च १६ सम्मको तथ्याङ्कअनुसार, भारतले आफ्ना करिब २ लाख २० हजार नागरिकलाई गल्फ क्षेत्रबाट निकाल्न विश्वकै सबैभन्दा ठूलो र व्यवस्थित उद्धार अभियान सञ्चालन गर्‍यो ।

मार्च ४, २०२६ मा भारतको विदेश मन्त्रालयले नयाँ दिल्लीमा २४ घण्टे वार-रुम स्थापना गरी आफ्नो कूटनीतिक सञ्जाललाई पूर्ण क्षमतामा परिचालन गर्‍यो । भारतले केवल हवाई मार्गमा मात्र भर नपरी 'मल्टि-मोडल' ट्रान्सपोर्ट प्रणाली अपनायो ।

तथ्याङ्कअनुसार, मार्च १ देखि ७ को बीचमा मात्रै ५२ हजार भन्दा बढी भारतीय नागरिकहरू यूएई र साउदीबाट स्वदेश फर्किए ।

मार्च ९ सम्म यो संख्या ६७ हजार नाघेको थियो । भारतले आफ्ना नागरिक ल्याउन एयर इन्डिया र इन्डिगोका चार्टर उडानहरू मात्र प्रयोग गरेन, बरु कतार र ओमानका सरकारहरूसँग समन्वय गरी आफ्ना नागरिकलाई सडक मार्गबाट सुरक्षित ट्रान्जिटसम्म पुर्‍यायो । भारतीय विदेशमन्त्री एस. जयशङ्करले खाडीका आफ्ना समकक्षीहरूसँग सीधै संवाद गरी भारतीय विमानहरूलाई 'स्पेसल कोरिडोर' मार्फत उडान भर्ने अनुमति दिलाउनु नै यो सफलताको मुख्य कूटनीतिक कडी थियो । यसका साथै भारतीय दूतावासहरूले 'प्रवासी भारतीय' पोर्टलअन्तर्गत हरेक नागरिकको प्रत्यक्ष ट्र्याकिङ गरेर जोखिममा रहेकालाई प्राथमिकतामा राखेका थिए ।

### अमेरिका र पश्चिमा शक्तिहरूको "टास्क फोर्स" रणनीति

अमेरिकाले मध्यपूर्वमा रहेका आफ्ना करिब १० लाख नागरिकहरूलाई सुरक्षित राख्न 'स्टेट डिपार्टमेन्ट टास्क फोर्स' मार्फत कडा कदम चाल्यो । राष्ट्रपति ट्रम्पले आफ्ना नागरिकलाई 'तुरुन्तै फर्किनु वा सुरक्षित बस्नु' भन्ने चेतावनी जारी गरेपछि अमेरिकाले साउदी र यूएईबाट चार्टर उडानहरूको ओइरो लगायो ।

तथ्याङ्कअनुसार मार्चको मध्यसम्ममा २८ हजारभन्दा बढी अमेरिकीहरूलाई प्रत्यक्ष सहायता प्रदान गरियो भने कुल ४३ हजार भन्दा बढीलाई सुरक्षित स्थानमा पुर्‍याइयो ।

युरोपेली देशहरूले पनि यसपटक सामूहिक रूपमा 'ईयू सिभिल प्रोटेक्सन मेकानिज्म' परिचालन गरे । फ्रान्सले आफ्ना सैन्य विमानहरूमार्फत अबुधाबीबाट १८० र इजरायलबाट २०५ नागरिकलाई तत्काल उद्धार गर्‍यो । बेलायतले आफ्ना १ लाख ३० हजार दर्ता भएका नागरिकमध्ये ४ हजारलाई ओमानको मस्कटलाई 'ट्रान्जिट' बनाएर फिर्ता लग्यो ।

इटालीको प्रयास झनै सराहनीय रह्यो, जसले साउदी, कुवेत र कतारको स्थल मार्ग प्रयोग गरी आफ्ना २५ हजारभन्दा बढी नागरिकलाई सुरक्षित निकास दियो । यी देशहरूले आफ्ना नागरिकलाई उद्धार गर्न मस्कट (ओमान), अम्मान (जोर्डन) र शार्म एल-शेख (इजिप्ट) लाई प्रमुख हबका रूपमा प्रयोग गरेका थिए ।

नेदरल्यान्ड्सले आफ्ना ७५ भन्दा बढी नागरिकलाई यूएईबाट बसमार्फत ओमान पुर्‍याई त्यहाँबाट इजिप्टको हुरघाडा हुँदै एम्स्टर्डम पुर्‍याएको छ । यो प्रक्रियामा सम्बन्धित देशका दूतावासहरूले 'र्‍यापिड कन्सुलर सपोर्ट टिम' परिचालन गरेका छन्, जसले युद्धग्रस्त क्षेत्रमा अड्किएका नागरिकहरूको पहिचान र कागजी प्रक्रियालाई तीव्रता दिने काम गर्छ ।

### दक्षिण-पूर्वी एसियाली देशहरूको संघर्ष र नागरिक व्यवस्थापन

फिलिपिन्स, पाकिस्तान, इन्डोनेसिया र बङ्गलादेशजस्ता देशहरूका लागि आफ्ना लाखौँ नागरिकलाई एकैपटक फर्काउनु आर्थिक र प्राविधिक रूपमा कठिन थियो । फिलिपिन्सले २० लाखभन्दा बढी आफ्ना नागरिकमध्ये १ हजार ४ सय १६ जनाको आपत्कालीन उद्धार अनुरोधलाई सम्बोधन गर्दै मार्चको पहिलो साताभित्रै ३०० जनालाई पहिलो चरणमा फर्कायो । इन्डोनेसियाले जेद्दामा रहेका १० हजार ६० तीर्थयात्रीहरूलाई विशेष विमानमार्फत सुरक्षित रूपमा जकार्ता पुर्‍यायो ।

पाकिस्तानको अवस्था झनै जटिल थियो । इरानसँगको सिमाना जोडिएका कारण पाकिस्तानले ७९२ नागरिकलाई अजरबैजानको स्थल मार्ग हुँदै फिर्ता ल्यायो । मलेसियाले ओमान र दुबईबाट ४३१ नागरिकको उद्धार गर्‍यो भने दक्षिण कोरियाले ५०० भन्दा बढी आफ्ना नागरिकलाई यूएईबाट चार्टर विमानमार्फत घर फर्कायो । थाइल्यान्डले पनि इरानमा रहेका आफ्ना २९२ नागरिकलाई टर्कीको मार्ग हुँदै स्वदेश पुर्‍यायो ।

### ओमान र कतारको "मानवीय कोरिडोर"

यस युद्धमा ओमान र कतारले विश्वलाई मानवताको उदाहरण पेस गरे । जब यूएई र साउदीको हवाई क्षेत्र असुरक्षित भयो, तब ओमानले आफ्नो जमिन र आकाशलाई विदेशी नागरिकको उद्धारका लागि खुला गरिदियो । यूएईमा रहेका हजारौं विदेशीहरूलाई बसमार्फत ओमानको सिमाना पार गराइयो र त्यहाँबाट सुरक्षित उडानहरूको व्यवस्था गरियो ।

कतारले पनि आफ्नो अत्याधुनिक विमानस्थल र कतार एयरवेजका विशाल जहाजहरूलाई आपत्कालीन उद्धारका लागि प्रयोग गर्‍यो । कतारले युद्धरत पक्षहरूसँग वार्ता गरी 'ह्युमानिटेरियन कोरिडोर' सुनिश्चित गरायो, जसले गर्दा हप्तौंदेखि एयरपोर्टमा अड्किएका यात्रुहरूले निकास पाए ।

पोल्यान्ड र सिङ्गापुर जस्ता देशहरूले त आफ्ना नागरिक निकाल्न सैन्य विमानहरू नै पठाए, जसले युद्धको गम्भीरतालाई थप प्रस्ट पार्छ । परराष्ट्र मन्त्रालयको पछिल्लो तथ्याङ्कअनुसार खाडी तथा युद्ध प्रभावित देशहरूमा १७ लाख २९ हजार २८८ नेपाली नागरिकहरू छन् । त्यो बाहेक कागजातविहीन अवस्थामा रहेका नेपालीहरूको संख्यालाई पनि जोड्दा २० लाखको हाराहारीमा हुनसक्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# पोखरामा हमालले गरे '१८ डी सिनेमा'को उद्घाटन




काठमाडौं/पर्यटकीय राजधानी पोखरामा अब मनोरञ्जनको क्षेत्रमा नयाँ आकर्षण थपिएको छ । फ्लाइ ओभर इन्टरटेनमेन्टले पोखराको डिज्नील्याण्ड लेकसाइडमा अत्याधुनिक '१८ डी सिनेमा' सञ्चालनमा ल्याएको हो । शुक्रबार अभिनेता राजेश हमालले यसको उद्घाटन गरे । '१८ डी सिनेमा'को पहिलो शाखा काठमाडौंको कमलपोखरीस्थित सिटी सेन्टरमा रहेको छ ।

हमालले उक्त सिनेमाको उद्घाटन गर्दै पोखरेली दर्शकले अब फरक किसिमको सिनेमाटिक अनुभव लिन पाउने बताए । यो सिनेमा मनोरञ्जन मात्र नभइ नयाँ संसारको अनुभव रहेको उनको भनाइ छ । उनले अब बन्ने सरकारले नयाँ गतिविधिमा लाग्ने उद्यमीहरूलाई प्रोत्साहन गर्दै देशमा लगानी र रोजगारीको वातावरण सिर्जना गर्न ध्यान दिनुपर्ने धारणा समेत व्यक्त गरे ।

फ्लाइ ओभर इन्टरटेनमेन्टका प्रमुख राम थापाले काठमाडौंमा सफल सञ्चालनपछि पोखरामा दोस्रो शाखा विस्तार गरेको बताए । काठमाडौंको भन्दा पोखराको प्रविधि अझ उन्नत रहेको बताउँदै उनले '१८ डी सिनेमा'मा १० देखि ३० मिनेटसम्मका १७ वटा फरक कथात्मक सिनेमामार्फत दर्शकले रोमाञ्चक अनुभव लिन पाउने दाबी गरे ।

कम्पनीका निर्देशक हिमाल थापाले पोखरामा यस प्रकारको सिनेमा सञ्चालनले साहसिक अनुभवलाई नयाँ उचाइ दिने विश्वास व्यक्त गरे । अब पोखरेली दर्शकले भित्री रूपमा पनि साहसिकता महसुस गर्न पाउने उनको भनाइ छ ।

'१८ डी सिनेमा'मा विभिन्न इफेक्टमार्फत दर्शकले आफू फिल्मको वास्तविक संसारमै समावेश भएको अनुभूति गर्न सक्ने उनी बताउँछन् ।

# 'हामी तीन भाइ'को 'झम्के फुली' गीतमा छमछमी नाचे कुशलदेखि आशमासम्म

काठमाडौं/राम नवमीको अवसर पारेर चैत १३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'हामी तीन भाइ'को प्रचार अभियानलाई निर्माण पक्षले तीव्र बनाएको छ । यतिबेला फिल्मका कलाकारहरू प्रचारप्रसारमा सक्रिय देखिएका छन् भने टिजरदेखि ट्रेलर सम्म सार्वजनिक भइसकेका छन् । यसै क्रममा शुक्रबार फिल्मको नयाँ गीत 'झम्के फुली' दर्शकमाझ ल्याइएको छ ।

युवायुवतीबीचको प्रेम र आकर्षणलाई केन्द्रमा राखिएको यस गीतमा साप शक्ति र अस्मिता अधिकारीको स्वर रहेको छ । संगीत गायक शक्ति स्वयंको हो भने शब्द सुवलमणि सापकोटाले लेखेका हुन् । संगीत संयोजन महाराज थापाको रहेको छ । गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू फलित राई, जाह्नवी बस्नेत, कुशल विष्ट र आश्मा गिरीलाई देख्न सकिन्छ ।

मधुसुदन भट्टराईको निर्देशनमा तयार भएको यस फिल्ममा विनोद न्यौपाने, लक्ष्मी बर्देवा, राजाराम पौडेल, रविन्द्र झा, बिष्णु सापकोटा, विकास चापागाईं, सुष्मा निरौला, यादव देवकोटा, अन्जु हमाल, तारा शर्मा, पवन केसी लगायतका कलाकारहरूको पनि अभिनय देख्न सकिनेछ । फिल्मका निर्माताहरू त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठ हुन् ।

साजित महत प्रस्तुतकर्ता तथा विक्रम तामाङ कार्यकारी निर्माता रहेको फिल्ममा भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल र दुर्गालक्ष्मी पाण्डे सह-निर्माताको रूपमा छन् । फिल्ममा शिवम् अधिकारीको लेखन, शिव ढकालको छायांकन, बनिष शाहको सम्पादन, कमल राईको नृत्य निर्देशन, देव महर्जनको द्वन्द्व निर्देशन तथा साप शक्ति र बाबुल गिरीको संगीत रहेको छ ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद'
दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव, हेटौंडा-२०८२
मितिः २०८२ फाल्गुन २९ गतेदेखि चैत्र १४ गतेसम्म स्थान : हेटौंडा-१०, टिसिएन चौर

राष्ट्रिय तेक्वान्दो प्रतियोगिता
२०८२ चैत्र ११, १२ र १३ गते

खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता
२०८२ चैत्र ४, ५, ६, ७ र ८ गते

जिल्ला स्तरीय महिला/पुरुष १० कि.मि. दौड प्रतियोगिता
२०८२ फागुन २९ गते

जिल्ला स्तरीय ब्याडमिन्टन प्रतियोगिता
२०८२ फागुन २९, ३० गते

जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता
२०८२ चैत्र १, २ र ३ गते

जिल्ला स्तरीय कराते प्रतियोगिता
२०८२ चैत्र ९ र १० गते



# समावेशी स्वास्थ्य, मानवअधिकार प्रवर्द्धनका लागि उच्चस्तरीय समन्वय बैठक

साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/ मकवानपुरमा सार्वजनिक स्वास्थ्य, मानवअधिकार र सामाजिक समावेशीतामा केन्द्रित उच्चस्तरीय परामर्श बैठक सम्पन्न भएको छ ।

रिकभरीङ नेपाल वुमन्सका केन्द्रीय अध्यक्ष हेमा श्रेष्ठको सभाध्यक्षता एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यतामा बैठक भएको हो । बैठकमा बागमती प्रदेशमा रहेका लैङ्गिक अल्पसंख्यक व्यक्ति, लागूऔषध दुर्व्यसनी, एचआईभी तथा हेपाटाइटिसबाट प्रभावित समुदायको वर्तमान अवस्था, चुनौती र समाधानका उपायबारे गहन छलफल भएको थियो । सहभागीले मकवानपुरको यथार्थ अवस्था, उपलब्ध सेवा, कार्यक्रमको प्रभावकारिता, तथ्यांक व्यवस्थापन तथा सरोकारवाला निकायबीचको समन्वयका विषयमा स्पष्ट धारणा राख्दै सुधारका लागि व्यावहारिक सुझाव प्रस्तुत गरेका थिए ।

विशेषगरी स्वास्थ्यसेवामा पहुँच, सामाजिक भेदभावको अन्त्य तथा लक्षित समुदायको सशक्तीकरणमा केन्द्रित छलफलले बैठकलाई अझ सार्थक बनाएको थियो । प्रमुख



अतिथि घलानले मानवअधिकारमैत्री र समावेशी स्वास्थ्य प्रणाली निर्माण आजको अपरिहार्य आवश्यकता भएको बताए । उनले स्थानीय तहदेखि प्रदेश र संघीय तहसम्मको सहकार्यलाई सुदृढ बनाउनुपर्नेमा जोड दिएका छन् । स्वास्थ्य मन्त्रालयका प्रतिनिधिले यस्ता जोखिममा रहेका समुदायको स्वास्थ्यसेवामा पहुँच विस्तार, रोकथाम र उपचारलाई प्राथमिकतामा राख्दै घलानले नीति तथा कार्यक्रमलाई अझ प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गरे ।

जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रतिनिधिले जिल्लास्तरमा सञ्चालन भइरहेका कार्यक्रमलाई थप सुदृढ गर्दै बहुक्षेत्रीय समन्वयमार्फत् सेवाप्रवाहलाई प्रभावकारी बनाउने र समुदायमै आधारित पहुँच विस्तार गर्ने रणनीति अपनाइने धारणा व्यक्त गरे । कार्यक्रमले समग्रमा सरोकारवाला निकायबीचको सहकार्य, समन्वय र उत्तरदायित्वलाई अझ मजबुत बनाउने साझा निष्कर्ष निकालेको छ । साथै जोखिममा रहेका समुदायको अधिकार, सम्मान र स्वास्थ्यसेवामा समान पहुँच सुनिश्चित गर्न सबैपक्ष एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिइएको छ । यसप्रकारको बहुपक्षीय संवाद र सहकार्यले नीतिगत सुधार, प्रभावकारी कार्यान्वयन र दिगो सामाजिक परिवर्तनतर्फ महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको छ ।

बैठकमा स्वास्थ्य मन्त्रालय बागमती प्रदेशकी ॐकुमारी राजवंशी, स्वास्थ्य निर्देशनालयकी रीता बडु, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका ज्ञानदीप राई, जनस्वास्थ्य कार्यालय मकवानपुरका लक्ष्मण घिमिरे, हेटौंडा उपमहानगरपालिकाको जनस्वास्थ्य शाखाका सूर्यप्रसाद तिवारी, राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेशका जयश्वर चापागाईं, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक कुमार दास, एआरटी सेन्टर हेटौंडा अस्पतालकी देवकी क्षेत्री, परिवार नियोजन संघ मकवानपुरकी ममता कौशललगायत सरकारी र गैरसरकारी निकायका विविध प्रतिनिधिको उपस्थिति रहेको थियो ।

रिकभरीङ नेपाल वुमन्स महासंघकी कार्यक्रम संयोजक अस्मिता चौहान, केन्द्रीय सदस्य जानकी श्रेष्ठ, सिआन पुनर्स्थापना केन्द्रका राहुल सुवेदी, एकता नेपालकी आरती चौधरी, वाइकेपीका सन्दीप पौडेल, एनएपीएनकी पूजा घले तथा जागृति महिला महासंघकी मञ्जु अधिकारीको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन रिकभरीङ नेपालका प्रादेशिक फोकल पर्सन मनिशमान श्रेष्ठले गरेको थिए ।

# चालु र प्रशासनिक खर्चमा आन्तरिक ऋण नगर्न सिफारिस




साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आन्तरिक ऋण चालु र प्रशासनिक खर्चमा परिचालन गर्न कडाइसाथ निषेध गर्न सिफारिस गरेको छ ।

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि संघ, प्रदेश र स्थानीय तहले लिन सक्ने आन्तरिक ऋणसीमा तोक्दै आयोगले यस्तो सिफारिस गरेको हो । आयोगले हरेक वर्ष जस्तै आगामी आर्थिक वर्षका लागि कुलगार्हस्थ उत्पादन (जीडीपी) को ५ दशमलव ५ प्रतिशतमा नबढ्ने गरी संघीय सरकारले आन्तरिक ऋण परिचालन गर्न सक्ने गरी सीमा तोकेको छ । प्रदेशका हकमा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने र कमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्ने गरी आयोगले सीमा तोकेको छ ।

स्थानीय सरकारका हकमा आगामी आवमा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण लिन सक्ने गरी सीमा तोकिएको छ । सोही सन्दर्भमा आन्तरिक ऋण परिचालनका लागि सुझाव दिँदै आयोगले प्रशासनिक र चालुखर्चमा कडाइसाथ निषेध गर्न भनेको हो । 'आन्तरिक ऋण उपयोग रोजगारीको अवसर सिर्जना गर्नसक्ने, दीर्घकालीन लाभ प्रदान गर्ने तथा पूँजी निर्माणमा योगदान गर्न सक्ने आयोजनाका लागि विनियोजन गर्ने, चालु र प्रशासनिक खर्चमा कडाइसाथ निषेध गर्ने,' आयोगले भनेको छ ।

अहिले सरकारले आन्तरिक स्रोतबाट मुस्किलले मात्र चालुखर्च धान्न सक्ने अवस्था छ । तर, सरकारले आन्तरिक ऋण उठाएर कुन शीर्षकमा कसरी खर्च गर्छ भन्ने सार्वजनिक गरिँदैन । सोही कारण सार्वजनिक ऋण परि चालन उपयोगितामाथि निरन्तर प्रश्न उठेको छ । वाह्य ऋण भने आयोजनागत प्राप्त हुने हुँदा तुलनात्मक रुपमा कहाँ खर्च भइरहेको छ भन्ने देखिन्छ । अर्थ मन्त्रालयको आँकडा अनुसार कुल आन्तरिक ऋण परिचालनमा अधिकांश हिस्सा आन्तरिक ऋणको साँवा फिर्तामै प्रयोग भएको देखिन्छ । यसले कुल आन्तरिक ऋण परिचालन न्यून रहेको देखिन्छ ।

आर्थिक वर्ष २०८१/८२ मा खुद आन्तरिक ऋण परिचालन जीडीपीको १ दशमलव ४१ प्रतिशतमात्र रहेको देखिएको छ । ऋणसेवा खर्च बढ्दै गएका कारण परिचालित अधिकांश आन्तरिक ऋण पुरानो ऋण भुक्तानीमा खर्च भएको हो । यस प्रवृत्तिका कारण पूँजी निर्माण हुने र अर्थतन्त्र विस्तार मा अपेक्षित योगदान पुग्न नसकेको आयोगको विश्लेषण छ । अर्कातर्फ आयोगले आर्थिक वर्ष २०७५/७६ र त्यसभन्दा पछिल्ला वर्ष गरेको सिफारिसमा सरकारलाई पूँजी निर्माणमा खर्च गर्न भनेको छ । तर, नेपाल सरकारले कुन क्षेत्रमा आन्तरिक ऋण परिचालन भयो भन्ने विवरण सार्वजनिक गर्न सकेको छैन । सोहीकारण आयोगले भनेको छ, 'ऋण उपयोग र सुझाव कार्यान्वयन सम्बन्धी विश्लेषण हुन सकेको छैन ।'

# हेटौंडामा विद्यार्थी र उद्योगबीच अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/हेटौंडा उपमहानगरपालिका शिक्षा, युवा तथा खेलकुद महाशाखाअन्तर्गतको वृत्तिमार्गनिर्देशन सेवा इकाइको आयोजना तथा इन्स्योरसँगको सहकार्यमा अटोमोवाइल इन्जिनियरिङ विषय अध्ययनरत औद्योगिक प्रशिक्षार्थीका लागि अन्तरक्रिया भएको छ ।

कार्यक्रमको उद्देश्य विद्यार्थीले अध्ययन गरिरहेको क्षेत्रमा भविष्यमा रोजगारीको अवस्था, सम्भावना, अवसर तथा चुनौतीबारे प्रत्यक्षरुपमा सम्बन्धित क्षेत्रका विज्ञ र उद्योग प्रतिनिधिबाट जानकारी प्राप्त गराउने रहेको शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख हरि चन्द्र सापकोटाले जानकारी दिए । सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृत भारत गौतमको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रमको सञ्चालन महाशाखाका रमेश बिडारीले गरेका थिए ।

अन्तरक्रियामा अग्नि ग्रुपका अपरेशन इन्चार्ज सुरज ठकुरीहमाल र हिमालयन मोटर्सका प्रवन्धनिर्देशक सम्झौता सापकोटाले सहजीकरण गरेका थिए । कार्यक्रममा १५ जना अटोमोवाइल इन्जिनियरिङका विद्यार्थीको



सहभागिता रहेको थियो । कार्यक्रममा अटोमोवाइल क्षेत्रमा उपलब्ध अवसर, चुनौती, नेपाल तथा विदेशमा रोजगारीको अवस्था, कामदारको माग तथा विद्यार्थीले यस क्षेत्रमा प्रवेश गर्दा गर्नुपर्ने तयारीबारे विस्तृत जानकारी दिइएको थियो । रोजगारीका लागि आवश्यक सीप, दक्षता र व्यवहारबारे पनि सहजीकरण गरिएको थियो ।

सहजकर्ताले शैक्षिक योग्यता र सीपमात्र पर्याप्त नभई सकारात्मक सोच, अनुशासन, मेहनत, निरन्तरता, लगनशीलता र धैर्यजस्ता गुण पनि उत्तिकै आवश्यक पर्नेमा जोड दिएका थिए । उनीहरुले सिक्ने इच्छा र प्रतिबद्धता भएका विद्यार्थीलाई उद्योगक्षेत्रमा अवसरको कमी नहुने बताएका थिए । कार्यक्रममा खुला छलफल तथा प्रश्नोत्तरसत्र समेत सञ्चालन गरिएको थियो । विद्यार्थीले नेपालमा अटोमोवाइल क्षेत्रमा सम्भावना, रोजगारीको अवस्था तथा उद्योगले कर्मचारी छनोट गर्दा ध्यान दिने पक्षबारे जिज्ञासा राखेका थिए ।

उद्योग प्रतिनिधिले हाल नेपालमा अटोमोवाइल क्षेत्रमा धेरै कामदार भारतबाट आउने गरेको र नेपाली युवा वैदेशिक रोजगारीमा जान बाध्य भइरहेको बताए । तर, स्वदेशमै सीप सिकेर काम गर्ने हो भने विदेशिनुपर्ने अवस्था घट्न सक्ने उनीहरुको भनाइ थियो । उनीहरुले नेपालमा पछिल्लो समय सवारीसाधन एसेम्बल गर्ने उद्योग विस्तार हुँदै गएकाले आगामी दिनमा अटोमोवाइल क्षेत्रमा रोजगारीका अवसर अझ बढ्ने सम्भावना रहेको उल्लेख गरे । त्यसैले विद्यार्थीलाई राम्रोसँग सीप सिकेर स्वदेशमै अवसर खोज्न आग्रह गरिएको थियो ।

वृत्ति मार्गनिर्देशन सेवा इकाइले विद्यार्थी तथा युवालाई करिअर छनोटमा सहयोग गर्ने, सीप र रोजगारीसँग जोड्ने तथा क्षमता अभिवृद्धिका लागि आवश्यक परामर्श प्रदान गर्दै आएको इकाइका सम्पर्क व्यक्ति राजमणि शर्माले जानकारी दिए ।

# सिन्धु विकास बैंक हेटौंडाद्वारा विद्यार्थीलाई वित्तीय साक्षरता

साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/सिन्धु विकास बैंक हेटौंडा शाखाले मकवानपुरको एक विद्यालयमा वित्तीय साक्षरता प्रदान गर्ने उद्देश्यले प्रशिक्षण मूलक कार्यक्रम गरेको छ ।

बिहीबार मकवानपुरगढी गाउँपालिका-५ माथिल्लो बुङदलस्थित सरस्वती आधारभूत विद्यालयमा बैंकले वित्तीय साक्षरता तथा शैक्षिक सामग्री वितरण गरेको हो । विद्यालयमा अध्ययनरत ६९ जना विद्यार्थीलाई वित्तीय साक्षरताको महत्व, वचतको अभ्यास, बैंकिङ सेवाको सही प्रयोग तथा भविष्यमा आर्थिक योजना बनाउने विषयमा जानकारी दिइएको बैंक हेटौंडा शाखा कर्जाअधिकृत सागर लम्सालले जानकारी दिए । सामाजिक उत्तरदायित्वअन्तर्गत् विद्यालयको दैनिक पठनपाठनमा सहज होस् भनी कक्षाकोठाका लागि ६ थान सिलिङ पंखा हस्तान्तरण गरिएको लम्सालले बताए ।

बैंककी शाखाप्रमुख सुमित्रा भुसालको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्जुनबहादुर रुम्बाको प्रमुख आतिथ्यता तथा प्रधानाध्यापक चर्तुभूज पौडेलको विशेष आतिथ्यता रहेको थियो । विद्यार्थीसँगै कर्मचारी, शिक्षक शिक्षिका तथा व्यवस्थापन समितिलाई समेत वित्तीय साक्षरता प्रदान गरेकामा अध्यक्ष रुम्बाले बैंकलाई धन्यवाद व्यक्त गरे ।

# हेटौंडाका कपडा व्यवसायी महर्जन सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत्र / हेटौंडाको पुरानो कपडा व्यवसायी विष्णुलाल महर्जन सम्मानित भएका छन् ।

काठमाडौंमा आयोजित नेपाल कपडा तथा सिलाई व्यवसायी महासंघको सातौं स्थापना दिवसको अवसरमा महर्जन सम्मानित भएका हुन् । पेशा प्रति उनको लगाव र मेहनतको उच्च सम्मान गर्दै महासंघले सम्मान गरेको हो । मकवानपुरमा विगत धेरै लामो समय देखि कपडा व्यवसायीको रुपमा काम गर्दै आएका महर्जनले हेटौंडाको मेनरोडमा काठमाडौं टप टेलर्स सञ्चालन गर्दै



आएको थिए तर सडक विस्तारको क्रममा प्रशासनले संरचना भत्काएसंगै काठमाडौं टप टेलर्स हेटौडा १० स्थित टिसिएन रोडबाट सञ्चालन भइरहेको छ । त्यसअघि उनले मेनरोडमै रेमण टेलरिङबाट सटिङ सुटिङको काम गर्दै आएका थिए ।

# चित्रेपानी सामुदायिक वनमा अर्धवार्षिक समन्वय बैठक

साझाकुरा संवाददाता

हेटौंडा, ६ चैत/ सवडिभिजन वन कार्यालय, हेटौडाको आयोजनामा चित्रेपानी सामुदायिक वनमा अर्धवार्षिक समन्वय बैठक सम्पन्न भएको छ ।

वन कार्यालयको चालू आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार समन्वय बैठक आयोजना गरिएको हो । बैठकमा सहभागी वनसमूहका पदाधिकारीले वनमा लाग्ने डढेलो नियन्त्रण गर्न सबैको सहयोग आवश्यक पर्ने बताए । स्थानीय तह, सामुदायिक वनका पदाधिकारी, उपभोक्ता चनाखो भएमा डढेलो नियन्त्रण गर्न सकिने र यसको लागि जनचेतना जगाउनु आवश्यक रहेको बताए । सरकारले डढेलो नियन्त्रण



गर्न उपभोक्ता समूहलाई वजेटको व्यवस्था गरी समयानुकुल काम गर्नुपर्नेमा जोड दिएका थिए ।

डढेलने नियन्त्रणमा महत्वपूर्ण काम गर्ने सामुदायिक वन समूहलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने काम गर्न सहभागीले जोड दिएका थिए । बैठकमा सवडिभिजन वन कार्यालय, हेटौंडाका प्रमुख बच्चुराम सुवेदी, हर्नामाडी सव डिभिजन वन कार्यालयका प्रमुख प्रदीप अर्याल लगायतले सहजीकरण गरेका थिए । बैठकमा सामुदायिक वनका पदाधिकारी, कबुलियती वन समूहका पदाधिकारी, वन कर्मचारी, उपभोक्ता, सञ्चारकर्मी लगायतको सहभागिता थियो ।






साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना